# जिल्ला समन्वय समितिको कार्यालय,सुर्खेत

## कर्णाली प्रदेश,नेपाल

☎ ०८३-५२०१३४/५२१३६८

वीरेन्द्रनगर-८ शान्ति मार्ग

पत्र संख्या :२०८१/०८२ व्यवस्थापन शाखा (प्रशासन)

चलानी नम्बर : ६२८

मितिः २०८२/०१/२८

ने.सं. ११४५ बछलाथ्व, चतुर्दशी

श्री स्थानीय तह सबै,

सुर्खेत।

**विषय : निर्णय कार्यान्वयनका लागि पठाईएको सम्बन्धमा।**

ढुंगा, गिट्टी, बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ९(१) बमोजिम नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, संकलन र विक्री सम्बन्धी प्रक्रियाको अनुगमन गर्न गठित जिल्ला अनुगमन समिति, सुर्खेतको मिति २०८२/०१/२६ गते बसेको बैठकको निर्णय प्रतिलिपि कार्यान्वयनको लागि पठाईएको व्यहोरा सादर अनुरोध गर्दछु ।

<u>बोधार्थ</u>

श्री संयोजकज्यू, जिल्ला अनुगमन समिति, सुर्खेत।

श्री सचिवज्यू, आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत।

श्री सचिवज्यू, उद्योग,पर्यटन वन तथा वातावरण मन्त्रालय,कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत।

श्री प्रमुख जिल्ला अधिकारीज्यू,जिल्ला प्रशासन कार्यालय, सुर्खेत।

श्री प्रहरी उपरीक्षकज्यू,जिल्ला प्रहरी कार्यालय, सुर्खेत।

श्री सशस्त्र प्रहरी उपरीक्षकज्यू, सशस्त्र प्रहरी वल नेपाल नं ३२ गण हेडक्वाटर रक्तकाली, सुर्खेत।

श्री योजना प्रमुखज्यू,मदन भण्डारी राजमार्ग योजना कार्यालय,सुर्खेत।

श्री डिभिजनल वन अधिकृतज्यू, डिभिजन वन कार्यालय, वीरेन्द्रनगर, सुर्खेत।

श्री प्रमुख कर अधिकृतज्यू,आन्तरिक राजश्व कार्यालय, सुर्खेत।

श्री सव-इन्जिनियरज्यू जिल्ला समन्वय समितिको कार्यालय, सुर्खेत।

२०८२/०१/२८

.........................................

(मेघनाथ सापकोटा)

जिल्ला समन्वय अधिकारी



CamScanner

आज मिति २०८२ बैशाख २६ गते शुक्रबारको दिन नदिजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समिति सुर्खेतका संयोजक एवं जि.स.स. प्रमुख श्री गंगाराम सुनार ज्यूको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा यस अनुगमन समितिको बैठक बसी निम्नानुसार निर्णयहरु गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| संयोजक श्री गंगाराम सुनार | - प्रमुख (जिल्ला समन्वय समिति सुर्खेत) |
| सदस्य श्री हस्त पुन | - नगर प्रमुख (गुर्भाकोट न.पा.सुर्खेत) |
| सदस्य श्री मोहनमाया ढकाल | - नगर प्रमुख (वीरेन्द्रनगर न.पा.सुर्खेत) |
| सदस्य श्री उमेशकुमार पौडेल | - नगर प्रमुख (लेकबेशीं न.पा.सुर्खेत) |
| सदस्य श्री यज्ञप्रसाद ढकाल | - नगरप्रमुख (भेरीगंगा न.पा.सुर्खेत) |
| सदस्य श्री लालवीर भण्डारी | - नगरप्रमुख (पञ्चपुरी न.पा. सुर्खेत) |
| सदस्य श्री बोध विक्रम जि.सी. | - अध्यक्ष (चिङ्गाड गा.पा.सुर्खेत) |
| सदस्य श्री भिमबहादुर भण्डारी | - अध्यक्ष (बराहताल गा.पा.सुर्खेत) |
| सदस्य श्री खड्क बि.क. | - अध्यक्ष (चौकुने गा.पा. सुर्खेत) |
| सदस्य श्री ~~ऐनबहादुर चन्द~~ गोमा शर्मा रेग्मी | उपाध्यक्ष (सिम्ता गा.पा.सुर्खेत) |
| सदस्य श्री जगदीश्वर उपाध्याय | - प्र.जि.अ. (जि.प्रशा.का. सुर्खेत) |
| सदस्य श्री रुपेश खड्का | - प्र.उ. (जि.प्र.का. सुर्खेत) |
| सदस्य श्री दमन कुमार पाण्डे | - स.प्र.उ.(स.प्र.बल नेपाल सुर्खेत) |
| सदस्य श्री ~~बसन्तबाबु~~ प्रशान्त श्रेष्ठ | नि. जि.व.अ.(डि.व.का. सुर्खेत) |
| सदस्य श्री डिल्लीराम पौड्याल | - प्रमुख कर अधिकृत (आ.रा.का.सुर्खेत) |
| सदस्य श्री अजय ठाकुर | - सब-इन्जिनियर (जि.स.स.का, सुर्खेत) |
| सदस्य-सचिव श्री मेघनाथ सापकोटा | - जि.स.अ.(जि.स.स. का, सुर्खेत) |

CamScanner

आमन्त्रित

१. उपप्रमुख श्री मुक्तिदेवी ~~भण्डारी~~ रेग्मी, पञ्चपुरी नगरपालिका सुर्खेत।
२. वडाध्यक्ष टोपबहादुर बुढाक्षेत्री, चौकुने गाउँपालिका सुर्खेत।
३. उपअनुसन्धान निर्देशक श्री प्रकाश शाह (राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सुर्खेत ।)
४. वरिष्ठ राजस्व अधिकृत श्री सविना थापा (आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत ।)
५. शाखा अधिकृत श्री देवेन्द्र कुमार शाही (उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत ।)
६. ईन्जीनियर रेशम वली (मदन भण्डारी राजमार्ग योजना कार्यालय, सुर्खेत ।)
७. ईन्जिनियर टोपनारायण पौडेल (मदन भण्डारी राजमार्ग योजना कार्यालय, सुर्खेत ।)
८. शाखा अधिकृत श्री ज्ञानुलक्ष्मी चौलागाई, (जि.स.स.को कार्यालय, सुर्खेत ।)
९. ना.सु. श्री डोल्मा थापा, (जि.स.स.को कार्यालय, सुर्खेत ।)
१०. का.स. श्री कल्पना वली क्षेत्री (जि.स.स.को कार्यालय, सुर्खेत ।)

प्रस्तावहरु

१. ठुला तथा रुपान्तरणकारी राष्ट्रिय गौरव तथा प्राथमिकता प्राप्त आयोजनाको लागि विशेष व्यवस्था सम्वन्धमा।

२. सुर्खेत जिल्लास्थित स्थानीय तहबाट नदिजन्य पदार्थको व्यवस्थापनका लागि ठेक्का आह्वान प्रतिवेदन माग सम्वन्धमा।

३. नदिजन्य पदार्थको जफत तथा लिलाम बिक्रि सम्वन्धमा।

४. विविध।

निर्णयहरु

१.ढुङ्गा गिट्टी वालुवा उत्खनन् तथा बिक्रि व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा १२ को विशेष व्यवस्था बमोजिम ठुला तथा रुपान्तरणकारी राष्ट्रिय गौरव तथा प्राथमिकता प्राप्त आयोजनालाई आवश्यक पर्ने नदिजन्य पदार्थको स्वीकृत वातावरणिय अध्ययन प्रतिवेदनको पालना हुनेगरी सम्बन्धित स्थानीय तहवाट नियमानुसारको शुल्क वा दस्तुर लिई तोकिएको स्थानवाट निर्माण सामग्री सङ्कलन गर्ने व्यवस्था मिलाउन सुर्खेत जिल्लास्थित स्थानीय तहहरुलाई निर्देशन दिने निर्णय गरियो।

२.सुर्खेत जिल्लास्थित स्थानीय तहबाट आ.व.२०८१/८२ का लागि नदिजन्य पदार्थको उत्खनन् तथा व्यवस्थापन गर्न हालसम्म आह्वान गरिएका ठेक्काको प्रगति विवरण सम्बन्धित स्थानीय तहवाट माग गर्ने निर्णय गरियो।

३.ढुङ्गा गिट्टी वालुवा उत्खनन् तथा बिक्रि व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ७ बमोजिम सङ्कलन वा उत्खनन् आदेश दिनुपुर्व प्राविधिक नापजाँच र रेखाङ्कन गरी क्षेत्र निर्धारण गर्नुपर्ने, वातावरणिय अध्ययन प्रतिवेदनको पुर्ण पालना गर्नुपर्ने तथा गाउँपालिका वा नगरपालिकाले लगाएको ठेक्का अन्तर्गत आर्थिक वर्षको अन्त्यमा नदि किनारा तथा वन क्षेत्रमा भण्डारण गरी राखिएको नदिजन्य पदार्थको जफत गरी लिलाम बिक्रि गर्ने व्यवस्था मिलाउन सम्बन्धित गाँउपालिका वा नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो।

४.सुर्खेत जिल्लास्थित गाउँपालिका वा नगरपालिकामा हालसम्म दर्ता भएका क्रशर उद्योगहरुको विवरण जिल्ला समन्वय समितिमा पठाउन निर्देशन दिने निर्णय गरियो साथै गृह मन्त्रालयको मिति २०८२/०१/२५ को चलानी नम्बर १६८२ को पत्रानुसार सुर्खेतजिल्लामा सञ्चालित अवैधानिक क्रसर उद्योग बन्द गर्न निर्देशन दिने निर्णय गरियो।

५ सुर्खेत जिल्लास्थित स्थानीय तहबाट नदिजन्य पदार्थको उत्खनन् तथा व्यवस्थापनको लागि भएका सम्झौताको विवरण आन्तरिक राजस्व कार्यालयमा उपलब्ध गराउने तथा त्यस्ता सम्झौताबाट प्राप्त हुने राजस्व तत्काल दाखिला गर्ने र हुन सक्ने राजस्व चुहावटको नियन्त्रणका लागि गाउँपालिका वा नगरपालिकाले आवश्यक नियमनको प्रवन्ध मिलाउन निर्देशन दिने निर्णय गरियो।

CamScanner